स्थानीय सरकार

खनियाबास गाउँपालिका

ཁཱ་ཉེལ་བཱས་གཞུ་པཱ་ལི་ཀཱ།

गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

प.स.: २०८१/०८२

च.न. :............

मिति : २०८१/१२/२०

ने.सं. ११४५ चौलाथ्व, ०४ मंगलबार

## वन डढेलो नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सूचना ।।।

बिगत केहि दिनयता खनियाबास गाउँपालिका भित्र रहेका बन जंगलहरुमा आगलागीका घटनाहरु बढी रहेका छन् । सानो असावधानीका कारण वन जंगलमा भएको आगलागी नियन्त्रण गर्न नसक्ने गरि डढेलोको रुपमा फैलिन्छ । डढेलोले बायुमण्डललाई प्रदुषित बनाएसंगै कतिपय मानववस्ती समेत जोखिममा परेका छन् । डढेलोले पर्यावरण लगायत जडिबुटी, काठ दाउरा, कार्वन उत्सर्जन, पुन:उत्पादित साना बोटबिरुवा नोक्सान गरि जैविक तथा पर्यावरणीय क्षति बढाउदै जनजीवनमा प्रत्यक्ष रुपमा नकारात्मक प्रभाब पारेको छ । बनजंगल क्षेत्रमा रहेका खानेपानीका पाइपलाइनमा नोक्सानी पुर्याउनुका साथै बनजंगलमा जोडिएर रहेका नजिकका मानववस्तीहरुमा जनधनको क्षति समेत पुर्याएको छ । सुख्खा तथा हावाहुरी चल्ने वर्तमान मौसममा आगलागी र डढेलोको जोखिम बढ्दो छ ।

त्यसैले खनियाबास गाउँपालिका भित्रक सबै प्रकृतिका बनजंगलमा डढेलो नियन्त्रणका लागि तुरुन्त सम्बन्धि वडा कार्यालय, इलाका प्रहरी कार्यालय, सम्बन्धित वडाका जनप्रतिनिधिहरु, सामुदायिक बन उपभोक्ता समितिका सदस्यहरु तथा गाउँवासी तथा सरोकारवालाहरुलाई सूचना दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा (४) मा कसुर गर्नेलाई क्षति भएको बिगो असुल गरि तिन वर्ष सम्म कैद वा साठी हजार रुपैया सम्म जरिवाना वा दुवै सजाय हुने उल्लेख भएकोले कानुनि कारवाहीका लागि प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

आफ्नो क्षेत्रको पर्यावरण संरक्षण गरि मानवीय अस्तित्वको जगेर्ना गर्नु हामि सबैको दायित्व र कार्य भएकोले आगलागी डढेलोमा घटना रोकथाम र नियन्त्रण गर्नका लागि आम सरोकारवालाहरुले आवश्यक सहकार्य र सहजीकरण गर्न गराउनु हुन सम्बन्धित सबैमा खनियाबास गाउँपालिकाको कार्यालय, दार्खा, धादिङ अनुरोध गर्दछ ।

छोईसाङ तामाङ

प्रमुख प्रशासकीय अधिकृत

E-mail: ito.khaniyabasmun@gmail.com , Website: www.khaniyabasmun.gov.np , Address: Khaniyabas-4, Darkha, Dhading